# रत्ननगर नगरपालिकाको अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र विकासका लागि नगरस्तरीय कार्ययोजना (२०८०/२०८४)

## १. पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र विकास गर्ने विषय राज्यको प्राथमिक दायित्वभित्र पर्दछ। नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय महासन्धि, २००६ को सदस्य राष्ट्र बनिसकेको परिप्रेक्षमा नेपाल सरकारले उक्त महासन्धिको व्यवस्था अनुरुप अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई मानवअधिकारको रुपमा रक्षा गर्दै समग्र विकास एवम् सशक्तीकरणका कार्यक्रमहरुमा अपाङ्गता भएका व्यक्तिहरुको समावेशीकरण हुनेगरी कार्य गर्न ठोस योजना सहित अघि बढ्नु वाञ्छनीय हुन आउँछ। त्यसै गरी नेपालको संविधान २०७२ ले समेत अपाङ्गता भएका व्यक्तिहरुको समानताको हकको संरक्षण गरेको र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिहरुको नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई महासन्धि अनुरुप बनाइ कार्यन्वयनको लागि मार्ग प्रशस्त गरिसकेको हुँदा अब नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको विकास सशक्तीकरण पुनर्स्थापना जस्ता कार्यमा संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकार सबैले योजनावद्ध रुपमा कार्यक्रमहरु सञ्चालन गर्नुपर्दछ। अझ संविधानले नै तीन सरकारबीचको अधिकार बाँडफाँडमा स्थानीय सरकारको अधिकार सूचिभित्र अपाङ्गता भएका व्यक्तिहरुको व्यवस्थापनको विषय समेटेको हुँदा मुलुकका तीन तहका सरकारमध्ये अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि स्थानीय तहलाई विशेष जिम्मेवारी दिएको छ। यसै अनुरुप अपाङ्गता परिचयपत्र वितरण, समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमको सञ्चालन जस्ता कार्यहरु स्थानीय सरकार मार्फत भइरहेका छन्। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(त) मा स्थानीय सरकारले अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी के कस्ता कार्यक्रम गर्नु पर्दछ भन्ने सन्दर्भमा स्पष्ट व्यवस्था गरिएको छ। तसर्थ अपाङ्गता भएका व्यक्तिहरुको समग्र विकास र सशक्तीकरण गर्ने उद्देश्यलाई अझ व्यवस्थित रुपमा सञ्चालन गर्न र रत्ननगरलाई अपाङ्गतामैत्री नगरको रुपमा विकास गर्न यो कार्ययोजना तर्जुमा गरी कार्यन्वयनमा ल्याइएको छ।

## २. अपाङ्गता भएका व्यक्तिहरुको विद्यमान अवस्था

नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क लिने कार्य सन् २०११ बाट मात्र सुरु भएको पाइन्छ। राष्ट्रिय जनगणना २०७२ ले नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको जनसङ्ख्या ६४७७४३ अर्थात कुल जनसङ्ख्याको २.२ प्रतिशत रहेको देखाएको छ। अर्को महत्वपूर्ण पक्ष के हो भने यस जनगणनाले अपाङ्गताको प्रकृति र पालिका स्तरको छुट्टै तथ्याङ्क समेत प्रदान गरेको छ। त्यसैले उक्त

CamScanner

तथ्याङ्कको आधारमा रत्ननगर नगरपालिकामा रहेको अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्कलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ:

| विवरण | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| रत्ननगरको कुल जनसङ्ख्या | ६९८५१ जना | | |
| अपाङ्गता भएका व्यक्तिहरुको सङ्ख्या | १०८० जना | ४९२ जना | ५८८ जना |
| शारीरिक अपाङ्गता | ३८१ जना | १४४ जना | २३७ जना |
| दृष्टि सम्बन्धि अपाङ्गता | २०६ जना | १०० जना | १०६ जना |
| बहिरा तथा सुस्त श्रवण | १५३ जना | ७९ जना | ७४ जना |
| श्रवण-दृष्टिविहीन | १७ जना | ११ जना | ६ जना |
| स्वर तथा बोलाई सम्बन्धि अपाङ्गता | १२९ जना | ५७ जना | ७२ जना |
| मनोसामाजिक अपाङ्गता | ९५ जना | ४६ जना | ४९ जना |
| बौद्धिक अपाङ्गता | ३१ जना | १८ जना | १३ जना |
| बहुअपाङ्गता | ६८ जना | ३७ जना | ३१ जना |
| अटिजम | | | |
| हेमोफेलिया | | | |
| | | | |

यस रत्ननगर नगरपालिकाले संघीयताको कार्यन्वयनसँगै संविधानले दिएको अधिकारको पालना गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सशक्तीकरण र विकासका लागि कार्य थालनी गरेको देखिन्छ। यसैबमोजिम २०७५ पौष १३ गतेवाट अपाङ्गता परिचयपत्र वितरण कार्यविधि पारित गरी अपाङ्गता परिचयपत्र वितरण गर्ने कार्य भइरहेको छ। २०८० कार्तिक २४ गतेसम्म यस नगरपालिकाको कार्यालयसँग भएको विवरणअनुरुप अपाङ्गता परिचयपत्र वाहकको संख्या देहायबमोजिमको रहेको पाइन्छ।

| क्र.सं. | अपाङ्गता परिचयपत्रको किसिम | महिला | पुरुष | जम्मा परिचयपत्र वाहकको सङ्ख्या |
|---|---|---|---|---|
| १. | क वर्गको परिचयपत्र (रातो ) | | | ११८ जना |
| २. | ख वर्गको परिचयपत्र (नीलो ) | | | ३८५ जना |
| ३. | ग वर्गको परिचयपत्र (पहेंलो) | | | १९९ जना |
| ४. | घ वर्गको परिचयपत्र (सेतो) | | | ५६ जना |
| | जम्मा | | | ७५८ जना |

अपाङ्गता परिचयपत्र वितरण बाहेक यस नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रवर्द्धनका लागि सञ्चालन गरेका कार्यहरुलाई संक्षिप्त रुपमा देहायका बुँदामा प्रस्तुत गर्न सकिन्छ:

- अपाङ्गता भएका व्यक्तिहरुसँगको सहज सम्वन्ध स्थापित गर्न मेयर उपमेयर तथा प्रमुख प्रशासकीय अधिकृत र महिला विकास शाखा कार्यालय भवनको तल्लो तलामा व्यवस्था गरिएको ।
- वि सं २०७५ पौष महिनाबाट अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण कार्य गरिएको ।
- "नगर प्रमुखसँग उद्यमशील" कार्यक्रम २०७५ सालबाट सुरु गरिएको, जस अन्तर्गत प्रत्येक वर्ष कम्तीमा २ जना अपाङ्गता भएका व्यक्तिलाई उद्यम सञ्चालन गर्न ३ लाखसम्मको निर्ब्याजी ऋण बैङ्क मार्फत उपलव्ध गराउँदै आएको ।
- अधिकांश वडाहरुले अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन प्रवर्द्धन गर्न सीपमा आधारित तालिमहरु प्रदान र बीउ पूँजी स्वरुप १०,००० सम्म रकम प्रदान गर्ने गरिएको ।
- नगरभित्र प्रदेश अस्पताल सञ्चालनमा रहेको, जुन अपाङ्गतामैत्री बनाउन प्रयास गरिएको,
- नगरस्तरीय अपाङ्गता समन्वय समिति नामक संस्था रत्ननगर नगरपालिकाभित्र २०७४ सालमा स्थापना गरी प्रदेशबाट प्राप्त समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम व्यवस्थीत तवरबाट सञ्चालन गरिएको ।
- यस नगरपालिकाले विशेष निर्णय गरी अपाङ्गताको वर्गीकरणको आधारमा घरका लागि नक्शा पास गर्दा क वर्ग, ख वर्ग र ग वर्गको अपाङ्गता परिचयपत्र वाहकलाई क्रमशः ७५, ५० र २५ प्रतिशत कर छुट गरेको ।
- नगरपालिकाभित्र दृष्टिविहीन बालबालिकाहरुको लागि छात्रावाससहितको व्यवस्थीत विद्यालय सञ्चालनमा रहेको छ भने बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको लागि दिवा सेवा केन्द्र सञ्चालन भएको ।
- वडाहरुले थोरै रकम भएपनि अपाङ्गता लक्षित कार्यक्रमका लागि विनियोजन गर्ने कार्य नियमित रुपमा भइरहेको।

## ३. विधि तथा प्रकृया

यो कार्ययोजना तयार गर्नुपूर्व वास्तविक वर्गको प्रतिनिधित्व होस् भन्ने अभिप्रायले रत्ननगरका अपाङ्गता भएका व्यक्तिहरु, राजनीतिक प्रतिनितिहरु एवम् कर्मचारी सहितको एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा यस नगरसँग सम्बन्धित सरोकारवालाहरुको विश्लेषण नगरभित्र प्राप्त गर्न सकिने श्रोतको विश्लेषण र विभिन्न क्षेत्रमा संपादन गर्नुपर्ने कार्यहरुको बारेमा समूह कार्यसमेत गरिएको थियो। यसरी प्राप्त सुचनाहरुलाई पुनः संश्लेषण गरी अन्य सुचनाहरु सम्बन्धित महिला शाखा र अपाङ्गता समन्वय समितिबाट प्राप्त गर्न सानो प्रश्नावलीको समेत प्रयोग गरिएको थियो। उक्त कार्ययोजनालाई पूर्णता दिन स्थानीय अपाङ्गता समन्वय समिति र सम्बन्धित शाखासँग बैठकको आयोजना पनि गरिएको थियो। तसर्थ यो नगरस्तरीय तीन

वर्षिय कार्ययोजना सत्य तथ्यमा आधारित ठोस प्रकृया अवलम्बन गरी तयार पारिएको हुँदा यस कार्ययोजनाले नगरवासी अपाङ्गता भएका व्यक्तिहरुको समावेशी र दीगो विकासमा टेवा पुर्याइ इच्छित उपलब्धि हाँसिल गर्न मद्दत पुग्ने विश्वास गरिन्छ।

३. परिकल्पना: यस नगरभित्र बसोबास गर्ने सवै अपांगता भएका व्यक्तिहरुले समान आधारमा सम्पूर्ण मानव अधिकारको पूर्ण उपभोग गर्दै संविधानबाट प्रदत्त अधिकारको पालना गर्दै अवरोधमुक्त वातावरणमा उत्पादनशील, गुणस्तरीय, स्वावलम्वी, समावेशी, आत्मसम्मानपूर्ण र सुरक्षित जीवन बाच्न सक्षम भएका हुनेछन्।

४. उद्धेश्यहरु

कार्ययोजना तर्जुमा गरी कार्यन्वयनमा ल्याउनुका मुख्य उद्देश्यहरु देहायबमोजिम छन्:

- नगरपालिकाभित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि योजनावद्ध रुपमा कार्य गर्नु ।
- नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरुको समावेशी विकासका लागि श्रोतको सुनिश्चितता तथा कार्यक्रमको प्राथमिकीकरण गरी कार्य सञ्चालन गर्नु।.
- नगरपालिकामा कार्यरत विभिन्न गैर सरकारी संघ/संस्थाहरुले गर्ने कार्यक्रम तथा क्रियाकलापहरुलाई एकीकृत रुपमा परिचालन गर्नु ।

समस्या तथा चुनौतिहरु

- अपाङ्गता परिचयपत्र दिने दिननतोकिएको र मासिक रुपमा सबै खाले अपाङ्गता भएका व्यक्तिहरुले परिचयपत्र लिन सक्ने अवस्था नहुँदा समयसमयमा अप्ठ्यारो परिस्थिति सृजना हुनु ।
- सिमीत श्रोत र साधनका कारण सञ्चालित कार्यक्रमहरुले सबै वर्गका अपांगता भएका व्यक्तिहरुको आवश्यकताको संबोधन गर्न नसक्नु, जसका कारण अपाङ्गता भएका व्यक्तिहरुको व्यक्तित्व एवम् नेतृत्व विकासमा बाधा सृजना हुनु।
- अपाङ्गता सम्बन्धि पर्याप्त ज्ञानको अभावमा स्थानीय स्तरमा सही र प्रभावकारी योजना तथा कार्यक्रम छनोट हुन नसक्नु।
- अपांगताको क्षेत्रमा छुटयाइएको बजेट अति न्यून भएकाले यसले अपाङ्गता सशक्तीकरणमा टेवा पुर्याउन नसक्नु।
- सरकारी कार्यालय बैक होटल सार्वजनिक स्थल गैर सरकारी सस्थाका कार्यालय भवन फुटपाथ वस स्टप बेवसाइट आदि पहुचयुक्त र अपांगतामैत्री नहुनु ।

CamScanner

- अपांगताको क्षेत्रमा कार्य गर्ने सस्थाहरुवाट सन्चालित कार्यक्रम आवश्यक्तामा आधारित नभइ साझेदार संस्थाको इच्छा र योजनामा सञ्चालन हुनु।
- सहायक सामग्रीहरु अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता र स्थानीय भौगोलिक कठिनाइलाई ध्यान दिएर उपलब्ध नहुँदा अपाङ्गता भएका व्यक्तिहरुको दैनिक दिनचर्या सञ्चालनमा बाधा उत्पन्न हुनु ।
- अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यको गम्भीरतालाई ध्यानमा राखी स्वास्थ्य बीमा लगायतका आवश्यक औषधी सहज र सुफथ मूल्यमा प्राप्त गर्न नसक्नु।
- सबै खाले अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी सहायक सामग्रीहरु उपलब्ध गराउन नसक्नु र ह्विलचेयरलाई मात्र सहायक सामग्रीको रुपमा लिने गर्नाले बुझाइमा समानता कायम गर्न नसक्नु ।
- स्थानीय ठेगाना अन्तै भइ यस नगरमा बसोबास गरिरहेका अपाङ्गता भएका व्यक्तिलाई सहयोग गर्ने स्पष्ट नीतिको अभाव हुनाले सेवा प्राप्तिमा असमानता रहनु ।
- अपाङ्गता भएका व्यक्तिहरुद्वारा उत्पादित सामानको बिक्रीका लागि बजार व्यवस्थापन नहुनु ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी छुट्टै अपाङ्गता सहयोग कोषको व्यवस्थापन नहुनु।
- अपाङ्गतामैत्री नगर निर्माणका लागि कुनै पनि थप कानुनको विकास तथा भौतिक संरचना पहुँच सम्बन्धि निर्देशिका तयार गरी कार्यन्वयनमा नल्याउनु ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण तथा संवर्द्धनका लागि प्रस्तावित कार्ययोजना (२०८१-२०८४ तीन वर्षका लागि)

| क्र.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| १ | समावेशी शिक्षा | सबै किसिमका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच पुर्याउनु। | पुर्णअशक्त र अतिअशक्त बालबालिकालाइ विद्यालयमा अध्ययन गर्नका लागि शिक्षक तथा सहयोगीलाइ तालिम दिने ।<br><br>श्रवण-दृष्टिविहीन बालबालिकाको लागि उपयुक्त दिवा सेवा केन्द्र र तालिम प्राप्त जनशक्तिको विकास गर्ने ।<br><br>विद्यालयहरुलाई समावेशी बनाउन भौतिक संरचना अपाङ्गतामैत्री | शिक्षा शाखा अपाङ्गता सम्बन्धि काम गर्ने संघसंस्था | | २०८१-२०८४ |

| क.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | बनाउन अनुगमन गरी श्रोत विनियोजन गर्ने।<br><br>पाठ्यपुस्तक समयमै उपलब्ध गराउने र पहुँचयुक्त बनाउन पहल गर्ने।<br><br>अपाङ्गता भएका बालबालिकाको अभिभावकलाई जनचेतना तथा परामर्ष जगाउन अभियान सञ्चालन गर्ने।<br><br>अपाङ्गता भएका विद्यार्थी लक्षित गरी उपयुक्त खेलकुदका सामग्रीहरु उपलब्ध गराउने। | | | |
| २ | स्वास्थ्य | अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यमा पहुँच सुनिश्चित गर्नु। | अपाङ्गतापनको रोकथाम सम्बन्धि अभिमुखीकरण सञ्चालन गर्ने।<br><br>स्वास्थ्य उपचार प्राप्त गर्न प्राथमिकताको व्यवस्थालाई कडाइकासाथ लागू गर्न अनुगमन गर्नु।<br><br>निशुल्क स्वास्थ्य बिमा तथा विमाभित्र नपर्ने औषधीको निशुल्क व्यवस्था गर्न विशेष कोषको स्थापना तथा परिचालन गर्ने।<br><br>स्वास्थ्यकर्मिलाई अपाङ्गतामैत्री व्यवहार गर्न तालिमको व्यवस्था गर्ने।<br><br>स्वास्थ्य सेवा पहुँचयुक्त भए | स्वास्थ्य शाखा र सामाजिक विकास शाखा | | |

CamScanner

| क.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | नभएको अनुगमन गर्ने ।<br><br>स्वास्थ्य सिभिर सञ्चालन गर्ने। | | | |
| ३ | रोजगारी तथा स्वरोजगारी | अपाङ्गता भएका व्यक्ति विशेषगरी अपाङ्गता भएका महिलाको रोजगारी तथा स्वरोजगारी प्रवर्धन गर्नु। | रोजगार दिन सक्ने संघसंस्थाहरुसँग अन्तरकृया कार्यक्रम सञ्चालन गर्ने।<br><br>रोजगार प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिलाई कम्प्युटर शिक्षा दिन तालिमको व्यवस्था गर्ने।<br><br>लोकसेवा शिक्षकसेवा अध्ययन गर्न चाहने अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क तालिम दिन प्राथमिकता प्रदान गर्ने।<br><br>अपाङ्गता भएका स्वरोजगार गर्न इच्छुक व्यक्तिलाई सीप सम्बन्धि तालिम र बीउ पूँजी उपलब्ध गराउने।<br><br>आफैं उद्यमी बनेका अपाङ्गता भएका व्यक्तिलाई अनुदान तथा सहुलियत कर्जामा प्राथमिकता तोक्नेगरी निर्णय गराउने।<br><br>अपाङ्गता भएका उद्यमीहरुलाई नीजको व्यवसायमा थप कर छुटको व्यवस्था गर्ने। | | | |
| ४ | गमनशीलता/आवागमन | अपाङ्गता भएका व्यक्तिहरुको गमनशीलता एवम् आवागमनलाई | सवारी साधनमा अपाङ्गता सीट सुरक्षित गरी सोको कडाइका साथ कार्यन्वयन गर्ने।<br><br>विभिन्न बस समिति, माइको बस | | | |

| क.सं. | प्राथमिकता | उद्देश्य | मुख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | सुरक्षित र पहुँचयुक्त बनाउनु। | समिति तथा गाडिचालकलाई प्रशिक्षित गर्न विशेष दिवसहरुमा जनचेतनामुलक अभियान सञ्चालन गर्ने।<br><br>ऐनबमोजिम भएको ५० प्रतिशत भाडा छुटको कार्यन्वयन गराउन अनुगमन गर्ने।<br><br>सडक, पैदलमार्ग एवम आकाशे पुलहरु पहुँचयुक्त बनाइ यातायातलाई सुरक्षित र मर्यादित बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गर्ने।<br><br>अपाङ्गतामैत्री सवारी साधन बनाउन आवश्यक व्यवस्था मिलाउन पहल गर्ने। | | | |
| ५ | अपाङ्गता परिचयपत्र वितरण | नगरपालिकामा बसोबास गर्ने सबै अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र व्यवस्थित तवरले उपलब्ध गराउनु। | अपाङ्गता परिचयपत्र दिलाउन वडास्तरमा अभियान सञ्चालन गर्ने।<br><br>पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिका लागि गृहभेट कार्यक्रम सञ्चालन गरी परामर्ष सेवा प्रदान गर्ने।<br><br>अपाङ्गता परिचयपत्रको अभिलेख व्यवस्थापन गर्न सफटवेयरको खरीद एवम प्रयोग गर्ने।<br><br>अपाङ्गता परिचयपत्रको महत्वबारे वडा प्रतिनिधिहरुलाई अभिमुखीकरण गर्ने। | | | |

| क्र.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| ६ | सामाजिक सुरक्षाको प्रत्याभूति | अपाङ्गता भएका व्यक्तिहरुलाई जीवनयापनमा सहजता श्रृजना गरी अन्य नागरिक सरह सामाजिक सुरक्षाको प्रत्याभूति गराउनु। | सामाजिक सुरक्षा सम्बन्धि आवश्यक कानुनको निर्माण तथा कार्यन्वयन गराउन कार्यक्रमहरु सञ्चालन गर्ने।<br><br>विद्यमान ऐननियम तथा नीतिका बारेमा सरोकारवालासँग अन्तरकृया सञ्चालन गर्ने।<br><br>स्थानीय स्तरमा आवश्यक कानुनको तर्जुमा तथा कार्यन्वयन गराउन समिति बनाइ काम गर्ने।<br><br>सामाजिक सुरक्षा भत्तालाई व्यवस्थीत मर्यादित र समयानुकूल बनाउन आवश्यक पहल गर्ने।<br><br>सामाजिक सुरक्षालाई सुनिश्चित गर्न अपाङ्गता सहायता कक्षाको व्यवस्था गर्ने। | | | |
| ७ | हिंसा नियन्त्रण तथा कानुनी सहायता | अपाङ्गता भएका व्यक्तिमाथि हुने लैङ्गिक हिंसाको न्यूनीकरण गर्न कानुनी सहायता प्रदान गर्ने। अपाङ्गता भएका व्यक्तिलाई सशक्त बनाउन कानुनी सचेतना जगाउन कक्षाहरु सञ्चालन गर्ने। न्यायिक | | | | |

| क्र.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
| --- | --- | --- | --- | --- | --- | --- |
| | | समितिमा अपाङ्गता भएका व्यक्तिका मुद्दालाई प्राथमिकतामा राखी सुनुवाइ गर्न न्यायिक समितिसँग बैठक र छलफलको आयोजना गर्ने।<br><br>कानुन सम्बन्धि जानकारी एवम् सूचनालाई पहुँचयुक्त ढाँचामा प्रकाशन गर्ने।<br><br>हिंसा प्रभावित महिलालाई आवश्यक परामर्ष निःशुल्क रुपमा प्रदान गर्ने। | | | | |
| ८ | विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण | विपद्का सन्दर्भमा अपाङ्गता भएका व्यक्तिको प्राथमिकतासाथ उद्धार पुनर्स्थापना तथा पुर्नलाभका | विपद् तथा जोखिमका बारेमा अपाङ्गता भएका व्यक्तिहरुलाई सचेतीकरण गर्न जिङ्गल तथा अन्तरकृयाको व्यवस्था गर्ने।<br><br>विपद् व्यवस्थापन समितिलाई अपाङ्गताका बारेमा सचेत गराउन गोष्ठीको आयोजना गर्ने। | | | |

CamScanner

| क्र.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | कार्यहरु गर्नु। | अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षित जीवनका लागि आवास सुविधाका निम्ति विशेष पहल गर्ने। | | | |
| ९ | अपाङ्गता कोषको स्थापना र परिचालन | अपाङ्गता कोषको स्थापना र परिचालन गरी कठीन अवस्थामा रहेका र विपन्न अपाङ्गता भएका व्यक्तिहरुको आय आर्जन तथा समृद्धिको लागि सहयोग पुर्याउनु। | अपाङ्गता कोष सञ्चालन गर्न स्थानीय सरकारले निश्चित रकम विनियोजन गर्ने।<br><br>कोष परिचालनका लागि आवश्यक निर्देशिका तयार गर्ने।<br><br>अपाङ्गता कोषमा रकम अभिवृद्धि गर्न अभियान सञ्चालन गर्ने। | | | |
| १० | सुचना तथा प्रविधि एवम् सहायक सामग्री | अपाङ्गता भएका व्यक्तिहरुको सुचना प्रविधि एवम् सहायक सामग्रीहरुमा पहुँच अभिवृद्धि गरी जीवनलाई सहज बनाउनु। | अपाङ्गतामैत्री सुचना प्रविधिको विकास र विस्तार गर्न रकम विनियोजन गर्ने।<br><br>नगरपालिका तथा सम्बन्धित सरोकारवालाको वएभसाइट पहुँचयुक्त बनाउन आवश्यक परामर्ष तथा कार्यक्रम सञ्चालन गर्ने।<br><br>अपाङ्गता भएका व्यक्तिहरुको आवश्यकता बमोजिमको सहायक सामग्रीहरु उपलब्ध गराउन श्रोतको विनियोजन गर्ने।<br><br>अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्यसँग सम्बन्धित | | | |

| क्र.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | सामग्रीहरुलाई सहायक सामग्रीका रुपमा सूचिकृत गरी उपलब्ध गराउने। | | | |
| ११ | खेलकुद तथा मनोरञ्जन | अपाङ्गता भएका व्यक्तिहरुको खेलकुद तथा मनोरञ्जनमा पहुँच अभिवृद्धि गरी स्वस्थ र खुशी जीवनका लागि सहयोग पुर्याउनु। | अपाङ्गता भएका व्यक्तिलाई उपयुक्त हुने खालका खेकुदका सामग्रीको विकास र वितरण गर्ने।<br><br>खेलकुद प्रतियोगिताको आयोजना गर्न आवश्यक व्यवस्था मिलाउने।<br><br>खेल मैदान एवम् खेल सामग्री पहुँचयुक्त र अपाङ्गता अनुकुल बनाउने। | | | |
| १२ | सामाजिक सचेतना | अपाङ्गता भएका व्यक्तिहरुका सम्बन्धमा समाज तथा समुदायमा सामाजिक सचेतना जगाइ सकारात्मक दृष्टिकोणको विकास गर्नु। | अपाङ्गता सम्बन्धि दिवसीय कार्यक्रमहरु आपसी समन्वयमा सञ्चालन गर्ने।<br><br>अपाङ्गता सचेतना जगाउन स्थानीय एफ.एम बाट रेडियो कार्यक्रम एवम् जिङ्गल निर्माण गरी प्रचार प्रसार गर्ने।<br><br>सरोकारवालाहरुसँग अन्तरकृया एवम् बैठकको आयोजना गर्ने। | | | |
| १३ | अनुगमन तथा मूल्याङ्कन | नगरपालिकाबाट सञ्चालित कार्यक्रमको प्रभावकारीता बढाउन अनुगमन तथा मूल्याङ्कन गर्नु। | अनुगमन तथा मूल्याङ्कनका लागि कार्यविधि तयार गर्ने।<br><br>अनुगमनका लागि श्रोतको व्यवस्थापन तथा परिचालन गर्ने।<br><br>अनुगमनबाट देखिएका सुधारका पक्षलाई अनुशरण गर्न र कार्ययोजनामा सुधार गर्ने। | | | |

CamScanner

| क.सं. | प्राथमिकता | उद्देश्य | मुख्य कृयाकलापहरु | जिम्मेवार निकाय | श्रोत | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | कार्ययोजनाको प्रभावकारीता मूल्याङ्कनका लागि तेश्रो पक्ष अध्ययन गराउन रकम विनियोजन गर्ने। | | | |

संयन्त्र

माथि उल्लेखित कार्ययोजना कार्यन्वयन गर्नका लागि यस रत्ननगर नगरपालिकाले उपाध्यक्षको नेतृत्वमा अनुगमन संयन्त्र निर्माण गर्न सक्नेछ। यस समितिमा अपाङ्गता भएका व्यक्तिहरुद्वारा सञ्चालित संघसंस्थाका प्रतिनिधिहरुमध्येबाट एक महिला र एक पुरुष हुनेगरी २ जना र समाजसेवी र पालिका सदस्यमध्येबाट २ जना गरी ५ जनाको समिति वनाउन सकिनेछ। साथै अनुगमन फारम तयार गरी सोहीबमोजिमको विवरण भरी नतिजामुलक अनुगमन गर्न सकेमा यस नगरपालिकामा वसोवास गर्ने अपाङ्गता भएका व्यक्तिको जीवनमा परिवर्तन ल्याउने गरी काम गर्न सकिनेछ।

निष्कर्ष

अपाङ्गता कुनै व्यक्तिगत असक्षमता होइन, यो सामाजिक वयिस्करणबाट उत्पन्न परिस्थितिजन्य अवस्था हो। अपाङ्गतालाई सामाजिक स्विकार्यताका रुपमा लिएर समाजमा रहेका सबै नीतिगत, दृष्टिकोणात्मक, भौतिक र सञ्चारजन्य अवरोधहरु हटाउन सकियो भने अपाङ्गता भएका व्यक्तिहरु पनि एक साङ्ग व्यक्तिसरह स्वतन्त्र र स्वावलम्वी जीवन व्यथीत गर्न सक्छन्। परीणामतः अपाङ्गता भएका व्यक्तिहरुले पनि अन्य नागरिकसरह मर्यादित जीवनयापन गर्न सक्नेछन् र विश्वलाई नै सम्भावनाका नयाँ बाटाहरु पैलाउन सहयोग पुर्याउनेछन्। वास्तवमा अपाङ्गता मानवअधिकारको विषय हो र यसको संबोधन गर्नु मानवअधिकारको उच्च कदर गर्नु हो। यही अभिप्रायकासाथ यस नगरपालिकाले यो तीन वर्षिय नगरस्तरीय कार्ययोजना तर्जुमा गरी कार्यन्वयनमा ल्याएको छ। अतः यो कार्ययोजनाले निर्धारण गरेका प्राथमिकताका क्षेत्रहरुमा संबोधन गर्न जनप्रतिनिधि, राजनीतिक दलहरु, विभिन्न संघसंस्थाहरु, राष्ट्रसेवक कर्मचारीहरु तथा अधिकारकर्मी सबैको साथ, सहयोग र प्रतिवद्धता हुनसकेमा अपाङ्गता भएका व्यक्तिहरुको जीवनमा परिवर्तन सम्भव छ।

CamScanner